कम्पनी अध्यादेश, २०६२ अन्तर्गत संस्थापित
~~सिद्धार्थ बहुमुखी क्याम्पस प्राइभेट लिमिटेड~~
मल्टिपल कलेज को
प्रवन्ध-पत्र

१. कम्पनीको नाम :-
यस कम्पनीको नाम "सिद्धार्थ ~~बहुमुखी क्याम्पस~~ मल्टिपल कलेज प्रा.लि. (SIDDHARTHA MULTIPLE COLLEGE PVT.LTD.) हुनेछ ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :-
(१) कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा.वडा नं. १४ बाफलमा रहने छ ।
(२) कम्पनीको कारोबार गर्ने स्थान काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १४ बाफलमा रहने छ ।

३. कम्पनीको उद्देश्य :-
१. यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-
(क) शिक्षण सम्बन्धी,
(१) त्रिभुवन विश्वविद्यालय लगायत नेपालमा रहेका विश्व विद्यालयबाट स्वीकृति लिई कक्षा संचालन गर्ने ।
(२) विश्वविद्यालयको नियमको दायराभित्र रहेका कक्षा संचालन गर्ने ।
(३) विश्वविद्यालयले गर्ने कुनैपनि कार्यक्रममा भाग लिने ।
(४) विश्वविद्यालयबाट प्राप्त स्वीकृति भन्दा अरु कार्य गर्दा जुन विश्वविद्यालयबाट सम्बन्ध (स्वीकृति) लिइएको हो सो विश्व विद्यालयसँग परामर्श लिई स्वीकृति लिने र कार्य गर्ने ।

२. कम्पनीको उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिने छ

३. उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

४. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :-**

यस कम्पनीले दफा ३ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरीद गर्न तथा त्यसलाई बिक्री गर्ने ।

(च) यस कम्पनीलाई प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा दिन सक्ने व्यक्ति/फर्म कम्पनी/संस्थासँग सम्झौता गर्ने, तिनीहरुलाई यस कम्पनीको शेयर विक्री गर्ने वा तिनीहरुको शेयर खरिद गर्ने,

(छ) स्विकृति लिनुपर्ने विषयमा स्विकृति लिई विदेशी वा अन्तर्राष्ट्रिय व्यक्ति/फर्म/कम्पनी/संस्थासँग कम्पनीका हीतका लागि आवश्यक आर्थिक, प्राविधिक, बजार व्यवस्थापन लगायत विभिन्न कुराहरुमा सम्झौता गर्ने,

(ज) कम्पनीलाई आवश्यक पर्ने प्राविधिक/आर्थिक /कानूनी लगायतका सल्लाहकार नियुक्ति गर्ने र उनीहरुको सेवाको शर्तहरु विर्धारण गर्ने,

(झ) कम्पनीलाई आवश्यकता अनुसार चल अचल सम्पत्ति खरिद गर्ने, धितो राख्ने, भाडामा दिने, सट्टापट्टा वा विक्री वितरण गर्ने,

(ञ) कम्पनीको सम्पत्ति सुरक्षार्थ विमा गर्ने, कम्पनीको कारोवारका सम्बन्धमा विज्ञापन, वुलेटिन, आदिको प्रकाशन गर्ने,

५. **कम्पनीको पूँजीको संरचना :-**

कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पूँजी २५,००,०००/- (पच्चीस लाख) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका २५००० (पच्चीस हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु. १५,००,०००/- (पन्ध्र लाख) हुनेछ ।

(ग) कम्पनीको तत्काल चुक्ता पूँजी रु. १५,००,०००/- (पन्ध्र लाख) हुनेछ ।

६. **कम्पनीको शेयरको किसिम :-**

कम्पनीका शेयरहरु साधारण शेयर मात्र रहने छ ।

७. **शेयर खरीद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :-**

देहायको अवस्थामा शेयर खरिद वा हस्तानतरण गर्न मिल्ने छैन ।

(क) शेयरको मूंल्यको माग रकम चुक्त नगरी, र

(ख) संचालक समितिबाट स्विकृति नभई

८. **शेयरको रकम भुक्तानीका शर्तहरु :-**

शेयरको रकम भुक्तानी सम्बन्धि शर्त देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीले आफ्नो आवश्यकतानुसार संचालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(ख) कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(ग) शेयर माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउन थप म्याद माग गर्ने र कम्पनीले म्याद दिने जस्तो कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **शेयरधनीको अधिकतम संख्या :-**

शेयरधनीहरुको अधिकतम संख्या ५० (पचास) हुनेछ ।

१०. **दायित्व सीमित हुने :-**

यस कम्पनीका शेयरधनीको दायित्व निजले लिएको वा लिन कबुल गरेको शेयरको अंकित मूल्यसम्म सीमित रहनेछ ।

तर शेयरधनीले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धि सम्झौता बमोजिमको कम्पनीको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

११. **अन्य आवश्यक कुराहरु :-**

(क) **कम्पनी संस्थापनाको खर्च :-**

कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीबाट नै भएको मानिने छ ।

(ख) **संचालक समिति :-**

कम्पनी संचालनार्थ संचालक समितिको व्यवस्था रहने छ । जसमा रहने संचालकको संख्या र कार्यावधि नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) **कम्पनीको छाप र प्रतिक चिन्ह :-**

कम्पनीको आफ्नो नामको छाप बनाई प्रयोग गर्नेछ । कम्पनीले प्रतिक चिन्ह (लोगो) निर्धारण गरी कानून बमोजिम स्विकृत लिई प्रयोग गर्न सक्नेछ ।

१२. **प्रवन्धपत्र बाझिएको हदसम्म निष्कृय हुने :-**

यस प्रवन्धपत्रका दफाहरु कम्पनी अध्यादेश, २०६२ र प्रचलित कानूनसँग बाझिएमा त्यस्ता दफाहरु बाझिएको हदसम्म निष्कृय हुनेछन् ।

१३. **प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :-**

यस प्रवन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी अध्यादेशको दफा ८३ बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयबाट अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. **संस्थापकहरुले तत्काल लिन कवुल गरेको शयेर संख्या :-**

हामी **"सिद्धार्थ बहुमुखी क्याम्पस प्रा.लि."** का संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कवुल गरी देहायका साक्षीको रोहवरमा यस प्रवन्धपत्रमा सहीछाप गरेका छौं :-

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबुको नाम | बाजेको नाम | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम, ठेगाना र सहिछाप |
|---|---|---|---|---|
| १. नाम :- राजेन्द्र सिंह राणा<br>ठेगाना :- का.जि.का.म.न.पा. वडा नं. - १६, बालाजु<br>दा. वा. | मोहन सिंह राणा | प्रताप सिंह राणा | ५००० | नाम :- [illegible]<br>ठेगाना:- [illegible]<br>सहिछाप :- |

| | | | | |
|---|---|---|---|---|
| नाम :- समिता राणा पालक<br>ठेगाना :- पोखरा उ.म.न.पा. वडा नं. ३, कास्की<br>द. वा. | कृष्णराम पालक | चुडामान पालक | ५००० | नाम :- आनन्द अधिकारी<br>ठेगाना :-<br>सहिछाप :- |
| ३. नाम :- सुनिल पालक<br>ठेगाना :- पोखरा उ.म.न.पा. वडा नं. ३, कास्की<br>दा. वा. | कृष्णराम पालक | चुडामान पालक | ५००० | नाम :- अन्जु कार्की<br>ठेगाना :-<br>सहिछाप :- अन्जु कार्की |

**१५. कम्पनीका संस्थापकको उद्घोषण :-**

यस प्रवन्धपत्रमा लेखिएको हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले निल कबूल गरेको शेयर संख्या र साक्षी सम्बन्धी व्यहोरा लगायत अन्य सम्पूर्ण व्यहोराहरु ठिक साँचो छ । उल्लिखित व्यहोराको आधारमा कम्पनी दर्ता भएपछि सृजना हुने सम्पूर्ण दायित्व व्यहोर्न हाम्रो मन्जूरी छ । यस दफा अनुसार हामीले गरेको उद्घोषण गलत ठहरिन गएमा प्रचलित कानून बमोजिम हुने दण्ड सजाय समेत भोग्न हाम्रो मन्जूरी छ भनी हामीले यो उद्घोषण गरेका छौं ।

१. संस्थापकको नाम, थर :- राजेन्द्र सिंह राणा
हस्ताक्षर :-
ल्याप्चे सही छाप :-

२. संस्थापकको नाम, थर :- समिता राणा पालक
हस्ताक्षर :-
ल्याप्चे सही छाप :-

३. संस्थापकको नाम, थर :- सुनिल पालक
हस्ताक्षर :-
ल्याप्चे सही छाप :-

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिस्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

शाखा अधिकृत